# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, सुदुरपश्चिम प्रदेश, गुलरिया कञ्चनपुर माघ २७ गते शुक्रबार, २०७५ साल संख्या : १०

## भाग :- १

## संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५

**प्रस्तावना :** यस नगर क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको धारा २१८ को उपधारा २ ले दिएको अधिकार प्रयोग गरी कृष्णपुर नगरपालिकाको चौथो नगर सभाले यो ऐन तर्जुमा गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम :** (१) यस ऐनको नाम "कृष्णपुर नगरपालिकाको संघ संस्थाहरुको स्थापना तथा दर्ता ऐन २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, वौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघसंस्था, क्लब, मण्डल, परिषद अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

ख) "नगरपालिका" भन्नाले कृष्णपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "नगर प्रमुख" भन्नाले कृष्णपुर नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

घ) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनुपर्छ ।

ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने :-** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ता :** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुको संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित नगर कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम :

(ख) उद्देश्यहरु :

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा :

(घ) आर्थिक श्रोत :

(ङ) कार्यालयको ठेगाना :

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि नगर प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने आदेश दिन सक्नेछ र सोही आदेश अनुसार प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरि दिनुपर्नेछ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

५. **संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

६. **संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगर कार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगर कार्यपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोकेको पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्थाको कुनै सदस्य वा प्रमुख उपर प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ।

७. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई सञ्चालन भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ।

८. **संस्थाको उद्देश्यहरुमा हेरफेरः** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्था गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारणसभा बोलाउनुपर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सो प्रस्ताव लागू गर्न नगरपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ।

९. **कार्यक्रम स्वीकृति तथा लेखापरीक्षण विवरणः** (१) संस्थाले नगरपालिका भित्र संचालन गर्ने कार्यक्रमहरु स्थानीय तथा संघीय कानूनको अधिनमा रही नगरपालिकामा पेश गरी स्वीकृति लिनुपर्नेछ।

(२) संस्थाले सामाजिक परीक्षण समेत गरी नगरपालिकामा सूचिकृत लेखापरीक्षक मार्फत लेखापरीक्षण गराई आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिना भित्र नगरपालिकामा पेश गर्नुपर्नेछ।

१०. **हिसाब जाँच गर्नेः** (१) नियमित रुपमा लेखापरीक्षण नगरेको, हिनामिना गरेको उजुरी उपर नगर प्रमुखले आवश्यक देखेमा संस्थाको हिसाब आफूले प्रमुख प्रशासकीय अधिकृत वा नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारीद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत हिसाब जाँचबाट देखिन आएको संस्थाको कारोबारको सयकडा पाँच प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य वा कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले तोकेको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने लागेमा नगरपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिनेः** संघीय वा प्रादेशिक सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय र दर्ता खारेजीः** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिका सदस्यहरुलाई नगरपालिकाले जनही दश हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यलाई नगरपालिकाले जनही तीन हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृत वा पदाधिकारीले मागेको विवरण तथा कागज पत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले एक हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम नगरपालिकाको स्वीकृति नलिइ संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुनेगरी काम कारबाही गरेमा वा संघीय वा प्रादेशिक सरकारले दिएको निर्देशन पालना नगरेमा नगरपालिकाको कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदनः** दफा १२ बमोजिम गरेको अन्तिम निर्णय उपर ३५ दिने भित्र नगर प्रमुख समक्ष उजुरी गर्न सकिनेछ ।

**१४. संस्थाको विघटन र त्यस्को परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा नगर कार्यपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व नगर कार्यपालिकाले प्रचलित नेपाल कानून बमोजिम व्यवस्थापन गर्नेछ ।

**१५. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. अधिकार प्रत्यायोजनः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरु मध्ये सबै वा कुनै अधिकार नगर प्रमुखले आफू मुनिका पदाधिकारी वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**१८. खारेजी र बचाउः** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरित भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस कानुनलाई प्रतिस्थापन हुने गरी अर्को कानुनमा व्यवस्था नभए सम्म यसै कानुन अनुसार भए गरेको मानिने छ ।

(३) संघसंस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई कृष्णपुर नगरपालिकाको कार्यक्षेत्र रहने गरी गठन, संचालन भई संचालनमा रहेका संघसंस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ । नगरपालिकामा हस्तान्तरण भएका संघसंस्थाहरुको नवीकरण नगरपालिकाबाटै गर्न सकिन्छ ।

आज्ञाले  
मेघनाथ रिजाल  
प्रमुख प्रशासकीय अधिकृत